# सामुदायिक वन, स्थानीय लोकतन्त्र, विकास र जीविकोपार्जन

✍ भरत कुमार पोखरेल*

यो लेखले नेपालको सामुदायिक वनको चिनारी संक्षेपमा गराउने जमर्को गरेको छ। यस लेखमा सामुदायिक वनको जानकारी, यसको प्रक्रिया र यसले वनको विकास, स्थानीय लोकतन्त्र ग्रामीण पुर्वाधार विकास र जीविकोपार्जनमा पुऱ्याएको योगदानका बारेमा वर्णन गरिएको छ।

## सामुदायिक वन के हो

सरकारी स्वामित्वमा रहेका गाउँ बस्ती नजिकका वन जङ्गलहरू स्थानीय समुदायलाई संगठित पारि कानुन सम्मत रूपमा सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.) गठन गरी समूहकै सक्रियतामा वनको योजना र विधान बनाएर सो मुताविक संचालन हुने जन संगठन, प्रक्रिया र वन विकासलाई सामुदायिक वन भन्न सकिन्छ। सन् १९८९ मा वन क्षेत्रको गुरूयोजनाले निर्दिष्ट गरेका लक्ष्य तथा कार्यक्रमहरू मुताविक वन क्षेत्रमा संचालित १२ वटा साना ठूला कार्यक्रमहरू मध्ये सामुदायिक वन एक हो। यो कार्यक्रम नेपालका ७४ जिल्लामा नेपाल सरकार, वन विभागको नेतृत्वमा स्थानीय समुदायले कार्यान्वयन गर्दछन्। यसका मुख्य सरोकारवालाहरू स्थानीय सरकार, गैर सरकारी संघ-संस्थाहरू, वन उपभोक्ता महासंघ, सरकारी र नीजि क्षेत्र लगायत सबै वन क्षेत्रमा कार्यरत अध्ययन अनुसन्धान र विकासमा लाग्ने निकायहरू पर्दछन्। २० वर्षमा सामुदायिक वनले हासिल गरेका उपलब्धीहरू, यसले सामना गर्नु परेका चुनौतीहरू र यसबाट सिकिएका ज्ञानहरूको लेखाजोखा गर्दा नेपालले स्थानीय लोकतन्त्रलाई दिगो पार्न, वनको व्यवस्थापन गरी गरिबी निवारण गर्न र मुलुकमा दिगो शान्ति कायम गर्न सामुदायिक वनको सिद्धान्त र विधिलाई व्यापक रूपमा सबै विकास आयोजनाहरूमा लागू गर्नुपर्ने देखिन्छ। यसका उदाहरणहरू प्रमाणको रूपमा यो लेखमा प्रस्तुत गरिएको छ।

## सामुदायिक वनले के गऱ्यो

संक्षेपमा भन्नु पर्दा सामुदायिक वनले ५ वटा कामहरू गरेको देखिन्छ।

१. वनको गिर्दो हैसियतलाई सपारेको छ। नाङ्गा डाँडा हराभरा भएका छन्।

२. स्थानीय लोकतन्त्रको जगको रूपमा रहेका वन समुदायहरूको संगठनलाई ग्रामीण भेगमा बलियो नागरिक समाजको रूपमा स्थापित गरेको छ। परिणाम स्वरूप २०६३ सालको जनआन्दोलन-२ जस्तो ऐतिहासिक घटनामा वन उपभोक्ता समूहले खेलेको भूमिका मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न उल्लेखनीय रहेको छ।

---

* स्वीस सरकार विकास सहयोगमा संचालित सामुदायिक वन परियोजना (एन.एस.सी.एफ.पी)

३. जननिर्वाचित स्थानीय सरकारको अभावमा पनि स्थानीय विकासलाई समुदाय स्तरबाट संचालित गरी जनसहभागिमूलक विकास तथा जनस्तरबाट वन पैदावारको आपूर्तिको अवधारणालाई लागू गर्न द्वन्द्वकालमा समेत सक्रिय भई निरन्तरता दिँदै आएको छ ।
४. गरिबी न्यूनिकरण गर्ने राष्ट्रिय अभियानलाई साच्चिकै गरिबको घरदैलोमा पुगी विपन्न घरधुरीलाई सेवा र सुविधा प्रदान गरेको छ
५. सहस्राब्दी विकास लक्ष्य र गरिबी निवारण अवधारणा पत्रको मर्मलाई आत्मसात गरी विकासको लगानीको ठूलो हिस्सा जनस्तरबाटै व्यहोरी दातृ निकाय, सरकार, निजि क्षेत्र र गैर सरकारी क्षेत्रसँग सहकार्य गरी स्थानीय विकासमा समुदायको नेतृत्वबाट कसरी ग्रामीण क्षेत्रमा दिगो विकास गर्न सकिन्छ भन्ने नमुना प्रस्तुत गरेको छ ।

माथि उल्लेखित ५ योगदान केवल कोरा नारा, ईच्छा र आकांक्षा मात्र होइनन् । यी उपलब्धिहरू मुलुकमा रहेका १४,३०० समुदायको सा.व.उ.स.का करिब १६ लाख घरधुरीका सदस्यहरूको रगत र पसिनाबाट प्राप्त भएका हुन् । यसका यथेष्ट प्रमाणहरू दस्तावेजीकरण गरिएका छन् । सो मध्ये केही उल्लेखनीय कार्यहरू उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ ।

## वनको हैसियत सप्रियो

सन् १९६७, आजभन्दा ४२ वर्ष अगाडिको दोलखा जिल्लाको जिरीको नाङ्गो खुईले डाँडो भनौं वा सिन्धुपाल्चोक जिल्लाको ३२ वर्ष अगाडिको उजाडिएको रातो डाँडो, धनकुटा वा बैतडी जिल्लाका पहिले र अहिलेका फोटोहरू हेर्दा यस्तो लाग्छ कि जहाँ-जहाँ सामुदायिक वन समूहहरू बने त्यहाँका खुईले राता डाँडामा वृक्षारोपण भए र वन क्षेत्रको संरक्षण सम्बर्धन समूहहरू आफैले गरे । अहिले हाम्रा मध्य पहाडी क्षेत्रका विगतमा हैसियत बिग्रिएका त्यस्ता अधिकांश डाँडाहरू हराभरा मात्र भएका छैनन्, कतिपय ठाउँमा त घना वन जङ्गल भएका छन् । ति वन जङ्गलबाट समुदायले प्रशस्त आम्दानी समेत लिन थालेका छन् तलका केही फोटोहरू यसका प्रमाण हुन् ।

*दोलखा जिल्लाको जिरी उपत्यका वरपरको क्षेत्र सन् १९६८ तिर नाङ्गो थियो ।*



*हाल सामुदायिक वन उपभोक्ता समूह हरिया वनले ढाकिएको तथा पर्यावरणीय सन्तुलन कायम गरिएको छ ।*



*Photo: NSCFP, Friz Berger*
*Coutesy: NSCFP*

*सिन्धुपाल्चोकको डाँडापखेर क्षेत्र जुन लामोसाँघु-जिरी सडक निर्माणको क्रममा विनाश भएको थियो ।*



*सामुदायिक वन उपभोक्ता समूहले उक्त क्षेत्रलाई पूर्नउत्थान गरे*









सन् १९९४ र २००८ मा धनकुटाको स्थायी जग्गा
Photo by Peter Branney
Coutesy: LFP

## गाउँघरमा सक्रिय नागरिक समाज

नागरिक समाजको शक्ति कति बलियो र सशक्त हुने रहेछ भन्ने कुरा नेपाली जनताले दुनियाँलाई जनआन्दोलन-२ मा देखाई दिए । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था स्थापना गराउने शान्तिपूर्ण आन्दोलन जब शिथिल भएको थियो, नेपाली मात्र नभई संसारका न्याय प्रेमी जनताहरू निराश हुने अवस्था सिर्जना हुनै लागेका बेला जन आन्दोलन-२ लाई उचाईमा पुऱ्याउने काममा ग्रामीण क्षेत्रबाट शहरमा जनता उतारेर राजनैतिक पार्टीहरूको नेतृत्वमा जनशक्ति प्रदर्शन गर्न वन समूहहरू र यसको महासंघले अत्यन्तै सह्रानीय भूमिका खेल्यो र राजनीतिक आन्दोलन समेत सफल भयो । यसबाट राजनैतिक पार्टीहरूले समेत नागरिक समाजको शक्ति कति सशक्त हुने रहेछ भन्ने कुरा थाहा पाउने मौका पाए । नागरिक समाज बलियो हुनु भनेको लोकतन्त्रलाई बलियो बनाउनु हो भन्ने कुरा जनमानसमा पुग्यो । यस अर्थमा गाउँ घरमा स्थापित वन उपभोक्ता समूहको उपस्थितिलाई ग्रामीण भेगमा नागरिक समाजको विस्तारको रूपमा लिन थालिएको छ । यसलाई सामुदायिक वनबाट प्राप्त ठूलो उपलब्धीको रूपमा लिनु पर्दछ ।

## वन पैदावारको आपूर्ति र ग्रामीण विकासको असली सम्वाहक

सरकारले ग्रामीण विकास गाँउ विकास समिति (गा.वि.स.) स्वयंबाटै जन परिचालनमै होस् भन्ने ठानी पहिले 'आफ्नो गाउँ आफै बनाउँ' र हाल आफ्नो गाउँ राम्रो बनाउँ भन्ने १५ लाख कार्यक्रमको रूपमा स्थापित गराएको छ। सरकारले यसलाई खुबै महत्वको रूपमा लिन्छ तर गाउँ र जिल्लास्तरमा स्थानीय निकाय अहिलेसम्म बन्न सकेको छैन। तर तिनै गा.वि.स.मा औसतमा ३ देखि ६ वटा सम्म सा.व.उ.स.हरू सक्रिय छन्। उनीहरूले झण्डै त्यत्तिकै धनराशी आफै कमाउँछन् र त्यसको ठूलो हिस्सा वन विकास, ग्रामीण पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई र मानवीय विकासमा लगानी गर्दछन् तर दुर्भाग्यको कुरा के छ भने आफूले पैसा नदिएकोले होला यस कामको सराहना गर्नु त परै जाओस् सरकारले यसको हिसाबकिताब र लेखाजोखा समेत गर्न सकेको छैन। उल्टै वन समूहहरूलाई नाना थरिका झंझट लगाएर वन पैदावारको बिक्रि वितरण र उद्यम व्यापार गर्न निरूत्साहित गरेको अवस्था छ। दोलखा, रामेछाप र ओखलढुङ्गा जिल्लाका ९१९ वटा समूहमा गरेको एक अध्ययनलाई आधार मान्ने हो भने मुलुकका १४,३०० समूहहरूले वर्षेनी करिब ८० करोड बराबरको धनराशी आम्दानी गर्छन्, सो मध्ये ३२ करोड शिक्षा, स्वास्थ्य लगायत सरकारको प्राथमिकताका क्षेत्रमा गाऊँघरमै खर्च गर्छन्। यस बाहेक ति वन समूहहरूले मुलुकभरी वार्षिक रूपमा १४ लाख कुविक फिट काठ तथा करिब ७ लाख टन दाउराको उत्पादन र बिक्रि वितरण गरी ग्रामीण भेगका जनतालाई सेवा पुऱ्याउँछन्। स्मरणीय कुरा के छ भने केबल २२% जङ्गल व्यवस्थापन गर्न पाएका सा.व.उ.स.हरूले गरेको देश भरिको आम्दानी वन विभागले व्यवस्थापन गरेको मुलुकको ५८% वन जङ्गलबाट आउने राजस्व भन्दा बढि छ। चाखलाग्दो आँकडा त के पनि छ भने यि समूहहरूले गा.वि.स.भित्र ग्रामीण पूर्वाधार विकासमा गरेको लगानी स्थानीय निकायले गरेको लगानी भन्दा कम छैन। यो भन्दा पनि बढि प्रचारमा ल्याउनु पर्ने बिषय चाहि के छ भने समूहहरूले वन पैदावारको उत्पादन र बिक्री वितरणमा गरेको योगदानलाई टिम्वर कर्पोरेसन अफ नेपाल (टि.सि.एन.) जस्तो सरकारी निकायले करोडौं रूपैयाँ सरकारी खर्च गरेर गरेको शहरी क्षेत्रको काठ, दाउरा सम्बन्धी आपूर्तिको मात्र व्यवस्था हो। वन समूहहरूले ७४ जिल्लाका १६ लाख ग्रामीण क्षेत्रका घरधुरीलाई माथि उल्लेखित परिणाममा वन पैदावारको आपूर्ति गर्छन् भने टि.सि.एन.जस्तो संस्थाले नीजि क्षेत्र समेतबाट सहयोग लिई केबल २० वटा तराई जिल्ला र काठमाण्डौं उपत्यकाका ३ जिल्ला गरी २३ जिल्लाका केवल पहुँचवाला करिब ३०,००० घरधुरीलाई मात्र सेवा पुऱ्याँउदै आएका छन्।

## गरिब र विपन्न वर्गको सच्चा मित्र-सामुदायिक वन

गरिबी निवारण धेरैका लागि मागी खाने भाँडो भएको यदाकदा सुन्ने गरिएको कुरा कुनै हद सम्म सहि हो। तर सा.व.उ.स.हरूले गरिब तथा विपन्न घरधुरीको जीविकोपार्जनको सुधारका कार्यक्रमहरूको अध्ययन गर्दा सामुदायिक वन विपन्न वर्गको सच्चा मित्र रहेछ भन्ने कुरा थाहा हुन

आएको छ। दोलखा, रामेछाप र ओखलढुंगा जिल्लाका ९१९ वटा समूहहरूले विपन्नको जीविकोपार्जनको लागि गरेका कामहरू थुप्रै देखिए। मुख्य रूपमा समूहले करिब ४,००० विपन्न घरधुरीसँग लिखित सम्झौता गरेको पाईयो। सो बाट उनीहरूको अधिकार र कर्तब्य किटान भए मुताबिक ति विपन्न घरधुरीले वन समूहको सहयोगमा क्रियाकलापहरू संचालन गरेको पाईयो।

| कार्यक्रम | विस्तृत क्रियाकलाप |
|---|---|
| मानवीय विकासमा समूहको लगानी | उद्यम व्यापार र स्वः रोजगारी सम्बन्धी सीप विकास तालिम, नेतृत्व विकास, छात्रवृत्ति, साक्षरता तालीम प्रदान |
| सामाजिक विकासमा समूहको कृयाकलाप | समूहको सदस्यता, नेतृत्व तहमा जानको लागी महिला, दलित, जनजाति, गरिब आदिका लागि कोटा, उप-समूह गठन, सदस्यता र नेतृत्व प्रदान |
| भौतिक सम्पत्ति बढाउन समूहको प्रयास | विपन्न वर्गको घर निर्माण र मर्मतमा सहयोग, सहुलियत दरमा काठ दाउराको आपूर्ति |
| प्राकृतिक श्रोतमाथि गरिब तथा विपन्नको पहुँच बढाउन समूहको भुमिका सकारात्मक | सामुदायिक वनको जग्गाको सानो हिस्सा आय आर्जनका लागि उपलब्ध गराएको |
| गरिब तथा विपन्न घरलाई वित्तिय सहयोग उपलब्ध गराएका | सहुलियत दरमा समूहको कोषको रकम विपन्न वर्गलाई ऋण तथा अनुदान दिएको, साना उद्यम गरी स्वः रोजगारी बढाउन मद्धत गरेको। |
| समूहको नियम र प्रक्रियालाई गरिबमूखि बनाईएको | वन समूहहरूले गरिब तथा विपन्नलाई दिनुपर्ने सुविधा उनीहरूको अधिकार र कर्तब्यबारे समूहले लिखित निर्णय गरेका र ति निर्णयको आधारमा सम्बन्धित घरधुरीसँग लिखित सम्झौता गरेका। |

## सहश्राब्दी विकास र गरिबी न्यूनिकरण गर्ने लक्ष्यमा सामुदायिक वनको प्रत्यक्ष योगदान

सहश्राब्दी विकासका ८ वटा लक्ष्यहरूमध्ये कमसेकम ५ वटा लक्ष्यहरू प्राप्त गर्न सामुदायिक वनले प्रत्यक्ष रूपमा योगदान पुऱ्याएको विभिन्न अध्ययनबाट थाहा हुन आएको छ। उदाहरणका लागि भोकमरी कम गर्ने, वातावरणीय व्यवस्थापन दिगो रूपमा गर्ने, लैंगिक समानता, प्राथमिक तथा माध्यमिक तहमा विद्यार्थीहरूको पहुँच बढाउँने जस्ता लक्ष्यहरू प्राप्त गर्न ७४ वटै जिल्लाका सामुदायिक वनहरूले योगदान गरेका छन्। तर यसको मात्राबारे लेखाजोखा हुन बाँकी छ।

त्यसैगरी गरिबी न्यूनिकरण सम्बन्धि अवधारणा पत्रले तय गरेका ४ वटै कार्यक्रमहरूमा सामुदायिक वनको योगदान रहेको पाईएको छ। उदाहरणका लागि सामुदायिक वन क्षेत्रले उत्पादन गरेका माथि उल्लेखित वन पैदावारको बिक्री तथा वितरणबाट ग्रामीण क्षेत्रमा आर्जन भएको धनराशी र आपूर्ति व्यवस्थालाई आर्थिक योगदानको रूपमा लिन सकिन्छ भने ग्रामीण पूर्वाधार र मानवीय श्रोतको नेतृत्व विकास र समुदायको परिचालनलाई सामाजिक र मानवीय विकासमा पुऱ्याएको योगदान मान्न सकिन्छ। हाल देशभरीमा सा.व.उ.स.का समितिहरूमा करिब ३० प्रतिशत महिला छन्, जुन करिब ४५,००० को संख्यामा आउँछन्। यो बाहेक वन उपभोक्ता महासंघका गाउँ, जिल्ला र केन्द्रिय तहमा ५० प्रतिशत महिलाहरूले संगठनको नेतृत्वदायी भूमिका प्रभावकारी रूपमा निर्वाह गर्दै आएका छन्। यसको अलावा देशभरी करिब २०,००० दलितहरू सामुदायिक वन समितिका नेतृत्व तहमा छन् भने जनजाति वर्गबाट करिब ७०,००० व्यक्तिहरूले सामुदायिक वन समूहहरूको समितिको नेतृत्व सम्हालेका छन्। गरिबी न्यूनिकरण सम्बन्धि अवधारणा पत्रले तय गरेको तेश्रो पक्ष भनेको लक्षित विपन्न वर्गहरूको लागि विशेष कार्यक्रम हो। यो विषयमा सामुदायिक वनको योगदानबारे अगाडि चर्चा भैसकेको छ। गरिबी न्यूनिकरणको लागि तय गरिएको चौथौं विषय भनेको सबै क्षेत्रमा सु-शासन स्थापना गर्ने उद्देश्य हो। यसमा सामुदायिक वनले पुऱ्याएको योगदानका बारे धेरै अध्ययन अनुसन्धान र विश्लेषण भै सकेका छन्। सरकारी, गैर सरकारी र नीजि क्षेत्रले संचालन गरेका विकास निर्माण र श्रोत व्यवस्थापन गर्न अपनाईएका विधि, प्रक्रिया र संस्थागत संरचनालाई तुलनात्मक अध्ययन गर्दा सामुदायिक वनका प्रक्रिया र विधिहरू उत्कृष्ट पाईएका छन्। उदाहरणका लागि समूहले निर्णय गर्दा भेलाको निर्णयलाई सर्वोपरी मान्ने, समितिको काम, कर्तव्य र अधिकार भेलाले तोक्ने, वन समूहको विधान र कार्ययोजना सहभागीमूलक ढंगले तयार हुने, समितिका पदाधिकारी समूह समक्ष उत्तरदायी हुने, आम्दानी खर्चको हिसाब किताब वर्षेनी भेलाले लेखा परिक्षण गर्ने, दण्ड जरिवाना र नियमको पालनाको अनुगमन र मुल्याङ्कन नियमित हुने आदि व्यवस्थाहरू स्थानीय लोकतन्त्र र विधिको शासनका नमुना बनेका छन्। पारदर्शिताः जवाफदेहिताः दोहोरो सञ्चारः महिला, दलित, जनजातिहरूको उचित प्रतिनिधित्व र समावेशीकरणः लैङ्गिक समानताः समतामूलक सामाजिक न्याय र दिगो रूपमा श्रोतको व्यवस्थापन र उपयोग गर्ने वन समूहको कामलाई ग्रामीण क्षेत्रमा सु-शासन कायम गर्न सामुदायिक वनले पुऱ्याएको योगदानको रूपमा लिनु पर्दछ।

## निष्कर्ष के त

यस लेखमा प्रस्तुत गरिए बमोजिमको सामुदायिक वनले पुऱ्याएको योगदानबाट धेरै कुरा सिक्न सकिन्छ। नयाँ संविधान बन्ने प्रक्रियामा रहेको अहिलेको महत्वपूर्ण घडिमा मुलुकले कोल्टे फेर्न खोज्दैछ। राज्यको पुर्नसंरचना गरी सार्वभौमसत्ता नागरिकमा सुरक्षित गर्ने यस महान अभियानमा सा.व.उ.स.लाई पूर्ण रूपमा स्वायत्तता दिई वनको स्वामित्व समेत सरकारबाट समूहमा हस्तान्तरण हुन सक्ने संवैधानिक प्रावधान राखी अगाडि बढ्नु पर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ।

वनको व्यवस्थापन नीजि वा सरकारमात्रको प्रयासले सम्भव नहुने कुरा बुझ्न र भोग्न नेपालका शासकलाई ६० वर्ष लाग्यो । वनको व्यवस्थापन समुदायले गर्दा उत्तम हुने रहेछ भन्ने कुराको प्रमाण विगतका नाङ्गा डाँडा हरियालीमा बदलिएपछि थाहा भयो । यसबाट नेपालले मात्र सिकेन संसार भरिका वन तथा विकासविद्हरूले वन श्रोतको व्यवस्थापन कसरी गर्नुपर्छ भन्ने कुरा नेपालबाट सिकौं भनेर वर्षेनी सयौंको संख्यामा विदेशीहरू नेपालको सामुदायिक वन हेर्न भ्रमणमा आउँछन्, लेख लेख्छन् र फर्केर आफ्नो देशमा नेपालको अनुभवलाई आधार बनाएर नियम कानुन र प्रक्रियाहरूका स्वरूप तयार गर्छन् । तर विडम्बनाको कुरा नेपालकै कैंयौ नेता, प्रशासक र विद्वान् अझै पनि आफ्नो सानो स्वार्थका लागि सामुदायिक वनलाई नाना थरिका खोट लगाएर गाली गर्छन् र यदाकदा यसको विकल्प खोज्न खोज्छन् । वन समूहहरूलाई स्वायत्त भै स्वतन्त्र रूपले काम गर्न दिएको खण्डमा सामुदायिक वनमा रहेका कमी कमजोरी त्यहिका समुदायले सच्याउँछन् । चुनौतीलाई अवसरमा बदल्छन् । केन्द्रिय एकात्मक सत्ताको विकल्प संघात्मक लोकतान्त्रिक गणतन्त्र हो भन्ने कुरा अन्तरिम संविधानमा लेखि सकियो, तर यसको व्यवहारिक प्रयोग हुन भने बाँकी नै छ । तर सा.व.उ.स.लाई निहालेर हेर्‍यौं भने संघियता प्रणालीलाई स्थानीय स्तरमा कसरी लागू गर्ने भन्ने कुराको व्यवहारिक ज्ञान सा.व.उ.स.हरूबाट सिक्न सकिन्छ ।